कर्णाली प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत
इमेल: moeap@karnali.gov.np
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः- २०८२/८३
च.नं.:- ०२

मितिः २०८२/०४/०१

विषयः- आ.व. २०८२/८३ का लागि स्थानीय तहमा हस्तान्तरण हुने बजेट कार्यान्वयन मार्गदर्शन।

श्री प्रमुख प्रशासकीय अधिकृत,
प्रदेश भित्रका सबै ७९ स्थानीय तह।

आर्थिक वर्ष २०८२/८३ को लागि तहाँ स्थानीय तहमा हस्तान्तरण गरिएको आयोजना वा कार्यक्रम सञ्चालन गर्न कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ कर्णाली प्रदेशसभाबाट पारित भई मिति २०८२/०३/३१ का दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ स्थानीय तहमा हस्तान्तरित रकम प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, खर्चको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी पूरा हुने विश्वास लिएको छु। बजेटले लिएका उद्देश्य र प्राथमिकता प्राप्तिका लागि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। बजेट कार्यान्वयन गर्दा समग्र बजेट अनुशासन कायम गर्दै रकम निकासा, खर्च र नियन्त्रण लगायतका वित्तीय उत्तरदायित्व कायम गर्न कर्णाली प्रदेश विनियोजन ऐन, २०८२, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१, कर्णाली प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ र कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ को अनिवार्य रूपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानका कार्यक्रम सञ्चालन र राजस्व बाँडफाँट सम्बन्धमा कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १४ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

(क) अन्तर सरकारी वित्तीय हस्तान्तरणः

१. अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयले हस्तान्तरण गर्नेछ।

२. वित्तीय समानीकरण अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट स्थानीय सञ्चित कोषमा क्रमशः भाद्र पन्ध्र गते, कार्तिक पन्ध्र गते, माघ पन्ध्र गते र वैशाख पन्ध्र गतेभित्र चार किस्तामा निकासा हुनेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले अघिल्लो आर्थिक वर्षको वार्षिक आर्थिक विवरण साउन मसान्तभित्र र चालु आर्थिक वर्षको दोस्रो किस्ता तथा त्यसपछिका किस्ताको रकम निकासा माग गर्दा सोभन्दा अघिल्लो किस्तामा निकासा भएको खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेस गर्नुपर्नेछ।

सचिव

इमेल: moeap@karnali.gov.np
वेबसाइट: moeap.karnali.gov.np

कर्णाली प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

पत्र सङ्ख्याः- २०८२/८३
च.नं.:- ०५

४. प्रदेशको आर्थिक स्थिति, नेपाल सरकारबाट बाँडफाँट भइ प्राप्त हुने राजस्व तथा अनुदानको स्थिति र प्रदेश सञ्चित कोषको मौज्दातको अवस्था समेत विचार गरी अनुदानको रुपमा हस्तान्तरण हुने रकममा आवश्यकता अनुसार घटाउन, रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

५. प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक, विशेष र ससर्त अनुदान बापतको पहिलो किस्ता हस्तान्तरण गर्दा आयोजना वा कार्यक्रमको खरिद योजना वा कार्यान्वयन कार्ययोजना र बाँकी किस्ताको हकमा सम्बन्धित आयोजना वा कार्यक्रमको कार्य प्रगति विवरणको आधारमा निकासा गर्नु पर्नेछ।

६. यस मन्त्रालयबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण पेस नगर्ने स्थानीय तहलाई उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गर्न सक्नेछ।

७. प्रदेश सरकारबाट तहाँ स्थानीय तहको लागि हस्तान्तरण गरिएको सशर्त, समपुरक र विशेष अनुदानको रकम अन्यत्र खर्च नगरी जुन आयोजना वा कार्यक्रमको लागि हस्तान्तरण भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्नु पर्नेछ।

**(ख) राजस्व बाँडफाँट सम्बन्धी व्यवस्थाः**

८. विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क तथा प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर) बाट सङ्कलन हुने राजस्व रकम साठी प्रतिशत सम्बन्धित गाउँपालिका वा नगरपालिका र चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ।

९. प्रदेश सरकारबाट सङ्कलन हुने सवारी साधन कर बापतको राजस्व रकमको चालीस प्रतिशतले हुन आउने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारण गरे बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनेछ।

१०. स्थानीय तहबाट सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने मनोरञ्जन कर, विज्ञापन कर, पयर्टन शुल्क तथा प्राकृतिक स्रोतको सङ्कलन वापतको रकम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले सम्बन्धित स्थानिय तहलाई दिईने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

११. चालु आर्थिक वर्षमा स्थानीय तहलाई राजस्व सङ्कलनको लक्ष्य तोकी राजस्व सङ्कलन तथा बाँडफाँट गर्न प्रेरित गर्ने नीति लिइएकोले सोही अनुरुप राजस्व सङ्कलनमा तदारुकता दिन र सङ्कलित राजस्व प्रचलित कानून अनुसार बाँडफाँट गरी सोको प्रतिवेदन पेस गर्नुपर्नेछ।

सचिव

इमेल: mocap@karnali.gov.np
वेबसाइट: moeap.karnali.gov.np

कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

पत्र सङ्ख्याः- २०८२/८३
च.नं.:- 02

(ग) आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१२. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजनाको कार्यान्वयन स्थानीय तह मार्फत गराउँदा सर्त सहित पठाएकोमा उक्त सर्तको स्थानीय तहले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

१३. कुनै स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना कुनै कारणवस प्रदेश सरकार मातहतको निकायमार्फत् कार्यान्वयन गराउनु पर्ने भएमा तहाँको अनुरोधमा प्रदेश सरकारको विषयगत मन्त्रालय र यस मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन सकिनेछ।

१४. प्रदेश सरकारबाट स्थानीय तहलाई ससर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी निर्धारण भएको कार्यक्रम तथा आयोजना संशोधन गर्नुपर्ने भएमा विषयक्षेत्र तथा विनियोजित रकम परिवर्तन नहुने गरी सोको स्पष्ट कारण र पुष्ट्याईं सहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित अनुरोध भइ आएमा संवत् २०८२ साल पौष मसान्तभित्र मन्त्रालयले संशोधन गर्न सक्ने व्यवस्था रहेकोले सोही बमोजिम गर्नुपर्नेछ।

१५. समपूरक अनुदानबाट सञ्चालित आयोजनाको हकमा तोकिएको अवधिका लागि स्वीकृत रकमको सीमाभित्र र ससर्त अनुदान तथा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको हकमा चालु आर्थिक वर्षको हस्तान्तरित बजेटको सीमाभित्र रही कार्यान्वयन गर्नुपर्नेछ। यस प्रकारका अनुदानबाट सञ्चालन हुने कुनै पनि आयोजना वा कार्यक्रममा थप बजेट व्यवस्था नहुने भएकोले कुनै कारणवस त्यस्ता आयोजना समयमै सम्पन्न हुन नसकेमा तहाँ स्थानीय तहबाट नै स्रोत व्यवस्थापन गर्नुपर्नेछ।

१६. ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकम चालु आर्थिक वर्षभित्र खर्च नभइ बचत भएमा सम्बन्धित स्थानीय तहले उक्त बचत रकम सम्वत् २०८३ असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। यसरी दाखिला नगर्ने स्थानीय तहलाई प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष प्रदेश सरकारबाट हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नु पर्नेछ र सोको विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ।

१७. राजनैतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि र निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था मिलाउनु हुनेछ। उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा निर्माण व्यावसायीमार्फत गराउन पाइने छैन।

१८. सार्वजनिक भवन तथा यस्तै प्रकृतिका पूर्वाधारसम्बन्धी संरचना निर्माण गर्दा कसैको निजी जग्गा, सरकारी वा सार्वजनिक जग्गा उपयोग गर्नुपर्ने भएमा भूमिसम्बन्धी प्रचलित कानुनबमोजिम जग्गा प्राप्तिको कार्य सम्पन्न भएपश्चात मात्र खरिद कार्य सुरु गर्नु पर्नेछ। यस्ता संरचनाहरू कुनै व्यक्तिगत वा दलगत वा

इमेल: moeap@karnali.gov.np
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:- २०८२/८३
च.नं.:- ०२

निजी व्यापारिक उद्देश्यले प्रयोग वा सञ्चालन गर्न पाइने छैन। यी संरचनाबाट प्राप्त हुने प्रतिफलमा सबै नागरिकको समान हिस्सेदारी हुने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था:

१९. प्रदेश सरकारबाट खर्च हुने गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम कुनै कारणवस स्थानीय तहबाट कार्यान्वियन गराउनु पर्ने भएमा त्यस्तो रकमको खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने लगायतका कार्य प्रदेश सरकारको प्रचलित कानुन बमोजिम गराउनु पर्नेछ।

२०. बुँदा नं. १६ बमोजिमका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण अख्तियारी प्रदान गर्ने निकायमा साउन मसान्तभित्र पठाउनु पर्नेछ।

२१. ससर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण उक्त आयोजना वा कार्यक्रमसँग सम्बन्धित विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयमा त्रैमासिक रुपमा पठाउनु पर्नेछ।

२२. महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएको पन्ध्र दिनभित्र उक्त प्रतिवेदनको एक प्रति प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ। लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजु फस्यौंट तथा सुझाव कार्यान्वयनमा तदारूकता दिनु हुनेछ।

(ङ) वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:

२३. प्रदेश लेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमार्फत महालेखा परीक्षकको कार्यालयमा पेस गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्ययको विवरण सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत् पठाउने व्यवस्था गर्नु हुनेछ।

२४. आर्थिक वर्ष २०८१/०८२ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ। गत आर्थिक वर्षको यस्तो प्रतिवेदन प्राप्त नभई चालु वर्षको राजस्व बाँडफाँट र अनुदान बापतको रकम हस्तान्तरण हुने छैन।

२५. समपूरक, विशेष र ससर्त अनुदानका आयोजनाको प्रगति विवरण पेस गर्दा आयोजनामा विनियोजित रकम, लागत अनुमान, सम्झौता रकम, बाँकी रकम, कार्य सम्पन्न हुने अवधि लगायतका अन्य विषय खुल्ने गरी छुट्टै विवरण फागुन मसान्तभित्र यस मन्त्रालयमा पेस गर्नु पर्नेछ।

२६. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित विवरण (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अङ्क, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
इमेल: moeap@karnali.gov.np
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:- २०८२/८३
च.नं.:- 02

गरी आयोजनाको जानकारी दिने आयोजना तथा कार्यक्रम सूचना पाटी (होर्डिङ्ग बोर्ड) राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. आर्थिक वर्ष २०८२/०८३ को बजेटसँग सम्बन्धित दस्तावेजहरू यस मन्त्रालयको website: **www.moeap.karnali.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(रविलाल शर्मा)
प्रदेश सचिव

बोधार्थ:
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री मन्त्रालय (सबै), कर्णाली प्रदेश, सुर्खेत।
श्री कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश, सुर्खेत।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री प्रदेश लेखा इकाई कार्यालय, (सबै) कर्णाली प्रदेश।

सादर अवगतार्थ
माननीय मुख्यमन्त्रीज्यू, कर्णाली प्रदेश सरकार
माननीय मन्त्रीज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालय
श्रीमान प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार